# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं ३)

मिति २०७९/०६/०२ गते

१. बिगतका कार्यपालिका निर्णयहरु र सोको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । कार्यपालिकाको निर्णयबाट एवं नगरपालिकाका तर्फबाट भएका सबै खर्चहरु अनुमोदन गरियो । कार्यपालिकाको निर्णयलाई थप कार्यान्वयनयोग्य बनाउने गरी सरोकारवाला सबैसँग समन्वय र सहकार्य गरी अघि बढ्ने निर्णय गरियो ।

२. बेनी नगरपालिका अन्तर्गतको ज्यामरुकोट स्वास्थ्य चौकीमा सोलार स्कुलको तर्फबाट लागत साझेदारीमा ७.२Kwp क्षमताको सोलार जडानको कार्य गर्ने गरी सोलार स्कुलको तर्फबाट जम्मा लागतको ८० प्रतिशत (रु १६ लाख) र बेनी नगरपालिकाको तर्फबाट २० प्रतिशत (रु ४ लाख) व्यहोर्नुपर्ने शर्त उल्लेख भए बमोजिम बेनी नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने रकममध्ये बेनपा २ नं वडा कार्यालयतर्फबाट विनियोजित स्वास्थ्य कार्यालय व्यवस्थापन शीर्षकबाट रु २ लाख र बेनी नगरपालिकाको समपूरक कोषबाट व्यहोर्ने गरी रु २ लाख रुपैया विनियोजन गर्ने निर्णय गरियो ।

३. बेनी बजारमा विगतमा जडान गरिएका सिसिटिभी क्यामराहरुमध्ये अधिकांश क्यामराहरु हाल सुचारु नभएका साथै नगरपालिकाको तर्फबाट जडान गरिएको सोलार बत्तीहरु समेत समय समयमा बिग्रिई रहने अवस्थाको अन्त्य गर्न नगरपालिकाको तर्फबाट यस प्रकारका सिसिटिभी र सोलार बत्तीको नियमित मर्मत गर्ने, व्यवस्थित हिसाबले सञ्चालन गर्ने प्रयोजनका लागि नगरपालिकाको तर्फबाट २ वर्षे सम्झौता गरी सार्वजनिक निजी साझेदारी कोषबाट व्यहोर्ने गरी चालु आ.व. २०७९/०८० का लागि वार्षिक रु ३ लाख र आगामी आ.व. २०८०/०८१ का लागि वार्षिक रु २ लाख ५० हजार रुपैया एकमुष्ट भुक्तानी गर्ने गरी म्याग्दी ट्रेडर्सका श्री खगेन्द्र खत्रीसँग सम्झौता गरी कार्य अघि बढाउने निर्णय गरियो ।

४. नेपाल टेलिकमबाट यस नगरपालिका अन्तर्गतका विभिन्न विद्यालय, स्वास्थ्य चौकी र वडा कार्यालयहरुमा निशुल्क इन्टरनेट जडान गरिदिएकोमा हाल सोको अवधि समाप्त भएकोले यसरी इन्टरनेट नभई नहुने विद्यालय, स्वास्थ्य चौकी र वडा कार्यालयहरुमा अब उप्रान्त नेपाल टेलिकमको पहुँच क्षेत्रभित्रका वडाहरुमा नेपाल टेलिकम कै इन्टरनेट जडान गर्ने र सो बाहेक अन्य क्षेत्रमा Techminds Pvt. Ltd कै सेवा लिने गरी कार्य अघि बढाउने निर्णय गरियो ।

५. बेनी नगरपालिकाभित्र व्यवसाय सञ्चालन गरी आएका अधिकांश व्यवसायीहरुले नगरपालिकामा व्यवसाय दर्ता गरेको नपाइएकोले यस्ता किसिमका व्यवसायीहरुलाई आफ्नो व्यवसाय दर्ता गर्न गराउन आव्हान गर्ने गरी सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।



सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

६. बेनी नगरपालिकाको विगत वर्षदेखिको बेरुजु अत्यन्तै धेरै रहेको सन्दर्भमा महालेखा परीक्षकको कार्यालयबाट नियमित गर्नुपर्ने भनी औंल्याइएको बेरुजु फर्छ्यौटका लागि लेखा समितिसँगको परामर्शमा बेनी नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट तयार भएको नियमित गर्नुपर्ने बेरुजुको विवरण अध्ययन गरी सम्परीक्षणका लागि आगामी नगरसभाको विशेष अधिवेशन मार्फत महालेखा परीक्षकको कार्यालय, डोर समक्ष पेश गर्ने निर्णय गरियो ।

७. बेनपा ८,कालीपूलस्थित बसपार्क व्यवस्थापनका लागि पानीको मोटर जडान, विभिन्न किसिमका सरसफाईजन्य सामाग्री खरिद गर्ने कार्यमा लागेको रकम रु ४२ हजार रुपैया मात्र सरसफाई शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

८. लभ्लीहिल जाने पदमार्गमा बिग्रिएको संरचनाको मर्मतका लागि प्राविधिक लागत अनुमान तयार गरी सो को मर्मतका लागि आवश्यक रकम नगरपालिका कोषबाट व्यहोर्ने निर्णय गरियो ।

९. बेनी नगरपालिकाले मिति २०७९/०४/१३ गतेको सूचना अनुसार डम्पिङ साइट बाहेक बाट उत्खनन हुने कबाडीजन्य वस्तुको निकासीका लागि सिलबन्दी दरभाउपत्र आव्हान गरी सम्झौता समेत गरी कार्य गरिएको र डम्पिङ साइटमा संकलन गर्न सकिने कबाडी सामानको निकासीका लागि मिशन फर वेस्ट मेनेजमेन्टका सञ्चालक याम दमैसँग वार्षिक रु २ लाखमा सम्झौता गरी जिम्मेवारी दिने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख